# जिल्ला बचत तथा ऋण सहकारी संघ, भक्तपुर






# आन्तरिक लेखापरीक्षण प्रणाली र प्रतिवेदन
## Internal Auditing System and Reporting

Pradhuman Ghimire

# लेखापरीक्षण (Audit)

जाँच वा परीक्षण गर्ने

लेखाको प्रचलित सिद्धान्त, कानुन, नीति नियम अनुसार संस्थाले आर्थिक कारोवार गरे नगरेको र वित्तिय विवरण सत्य तत्य आधारमा तयार भए नभएको

प्रतिवेदन तयार गर्ने

बैज्ञानिक र व्यवस्थित ढंगले राय वा सुझाव दिने

# सहकरीमा लेखापरीक्षणको प्रकार
# (Types of Audit In Cooperative )

- सहकारी ऐनमा भएको व्यवस्था अनुसार लेखापरीक्षण

लेखापरीक्षणको प्रकार

१. आन्तरिक लेखापरीक्षण

१.संस्थाको लेखा सुपरीवेक्षण समिति वा समितिले नियुक्ति गरेको लेखापरीक्षकबाट गरिन्छ ।

२. बर्षै भरि निरन्तर रुपमा गरिन्छ ।

३.गल्ती तथा जालसाजी तत्काल पत्तालगाई रोकथाम गर्ने ।

२.बाह्य लेखापरीक्षण

१.साधारण सभाबाट नियुक्त लेखापरीक्षकबाट


२.आर्थिक वर्ष सकिएको तिन महिना भित्र

३. साधारण सभा समक्ष राय दिने

# सहकारीमा आन्तरिक लेखापरीक्षण

- संस्थाको गरेको कामको प्रभावकारीता नियमित रुपमा जाँच गर्ने ।
- आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी भए नभएको ।
- संस्थागत शुसासन जाँच गर्ने
- लेखापालनको प्रभावकारीता भए नभएको
- आन्तरिक लेखापरीक्षणले व्यवस्थापन र संचालक समितिको मूल्य मान्यतालाई बढाउन मदत गर्छ ।
- वाह्य लेखापरीक्षणमा सरलता र सहजता हुन्छ ।

# आन्तरिक लेखापरीक्षण कसले गर्छ ?



सहकारी ऐन २०७४ अनुसार

लेखा सुपरीवेक्षण समति आफैले

वा

आवश्यकता अनुसार बाहिरबाट लेखापरीक्षक नियुक्तिको लागि ३ जनाको नाम संचालक समितिमा सिफारीस

# आर्न्तारिक लेखापरीक्षण किन ?

- आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता
- लेखापालनमा भएको त्रुटीहरु पत्तालगाउने ।
- गल्तीहरु पत्तालगाउने ।
- समयमै गल्ती र जालसाँजीलाई हुनबाट रोक्ने ।
- वित्तिय विवरणको यथार्थता जाँच गर्ने ।
- संस्थागत शुसासन कायम गराउन सहयोग गर्ने ।
- कानुन पालना बारे सुझाव दिने ।
- जोखिमको न्यूनिकरण गर्ने ।

# आन्तरिक लेखापरीक्षणको लागि आवश्यक ज्ञान

कानुन → लेखापालन → लेखापरीक्षण सिद्धान्तको सामान्य ज्ञान → संस्थाको बारेमा जानकारी

- संघिय सहकारी ऐन, नियमावली, निर्देशिका, परिपत्र, सुचना
- प्रदेश सहकारी ऐन, नियमावली, निर्देशिका, मापदण्ड, परिपत्र सुचना
- स्थानिय सरकार सहकारी ऐन नियमावली, निर्देशिका, मापदण्ड, परिपत्र सुचना
- श्रम ऐन , नियमावली, निर्देशन
- सामाजिक सुरक्षा कोष ऐन , नियम निर्देशिका
- बोनस ऐन
- आयकर ऐन , नियमावली, मुल्य अभिबृद्धि कर ऐन, नियमावली
- सम्पत्ति शुद्धिकरण निवारण ऐन नियमावली

# आन्तरिक लेखापरीक्षणको लागि ध्यान दिनु पर्ने विषयहरु

- प्रत्येक  चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्ने ।
- लेखापरीक्षणका आधारभूत सिद्धान्तको पालना गर्ने
- वित्तिय तथा आर्थिक कारोवारको निरिक्षण तथा मूल्यांकन गर्ने ।
- समितिको काम कारवाहीको नियमित सुपरीवेक्षण गरी आवश्यक सुझावहरु दिने ।
- साधारण सभाको निर्णय कार्यान्वयनको भए नभएको विषयहरु
- समितिको निर्णय कार्यान्वयनको  भए नभएको विषयहरु
- विगताका सुझावहरु कार्यान्वयन भए नभएका विषयहरु

# आन्तरिक लेखापरीक्षण प्रकृया
# Process of Internal Auditing

| प्रथम चरण | दोश्रो चरण | अन्तिम चरण |
| --- | --- | --- |
| योजना तर्जूमा | कार्यान्वयन | प्रतिवेदन |








# योजना तर्जुमा

- लेखापरीक्षणको प्रथम चरणमा लेखापरीक्षणको जोखिमलाई न्यून गर्नको लागि निम्नानुसारको कार्यहरु गर्नुपर्छ ।
  - लेखापरीक्षण कार्य योजना तयार गर्ने
  - लेखापरीक्षणको लागि आवश्यक दस्तावेजको सुची तयार गर्ने
  - संस्थाको वारेमा पर्याप्त जानकारी लिने
  - लेखापरीक्षणको क्षेत्र निस्चित गर्ने
  - लेखापरीक्षण तरिका छनौट गर्ने
  - जोखिमको क्षेत्रको पहिचान गर्ने

# लेखापरीक्षण कार्यान्वयन

लेखापरीक्षणको कार्यान्वयनको चरणमा योजना अनुसारको जाँच गरिन्छ र त्यसको अभिलेख राख्ने काम गरिन्छ ।

- आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता जाँच गर्ने
- साधारण सभाको निर्णय कार्यान्वयनको अवस्थाबारे जाँच गर्ने
- वित्तिय विवरणसंग खाताहरु र कारोवारहरु भिडे नभिडेको जाँच गन
- कारोवारको भौचिङ्ग गर्ने
- कानुन नीति नियमहरुको पालनाबारे जाँच गर्ने
- लेखापरीक्षण फाइलहरुलाई व्यवस्थित गर्ने ।

# लेखापरीक्षण प्रतिवेदन

- आन्तरिक लेखापरीक्षणको अन्तमा लेखापरीक्षण पतिवेदन तयार गर्नुपर्दछ ।
- लेखापरीक्षण प्रतिवेदनको यस चरणमा लेखापरीक्षण गरिएको विषय वस्तुहरुकोको प्रमाणको आधारमा संचालक समिति र साधारण सभामा प्रतिवेदन पेश गर्नु पर्ने हुन्छ ।

# समयतालिका

| लेखापरीक्षण कृयाकलाप | श्रावन | | | | भाद्र | | | | असोज | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ |
| लेखापरीक्षण योजना तयार | | | | | | | | | | | | |
| प्रारम्भिक बैठक तथा छलफल | | | | | | | | | | | | |
| साधारण सभाको निर्णय कार्यान्वयन जाँच | | | | | | | | | | | | |
| संचालक समितिको निर्णय कार्यान्वयन जाँच | | | | | | | | | | | | |
| खाता, सन्तुलन परीक्षण र वासलातको को जाँच | | | | | | | | | | | | |
| भौचर तथा प्रमाणहरुको जाँच | | | | | | | | | | | | |
| अभिलेखिकरण र फाईलको व्यवस्थापन | | | | | | | | | | | | |
| बैठक तथा छलफल | | | | | | | | | | | | |
| प्रतिवेदन तयारी | | | | | | | | | | | | |
| प्रतिवेदनको प्रस्तुति | | | | | | | | | | | | |

यसमा आवश्यकता अनुसारको थपघट गर्न सकिन्छ।

# जाँच परीक्षण

१. **आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता परीक्षण**

- आवश्यक नीतिहरु
- व्यवस्थापन तथा कर्मचारीहरुको अधिकार जिम्वेवारी तथा दायित्वहरु
- विभिन्न बिभागहरुको काम, कर्तव्य र अधिकार
- लेखापालनको नियन्त्रण प्रणाली

२. संस्थागत शुसासनको परीक्षण

- संचालक समितिको बैठक संचालन विधि
- वडापत्र
- संचालक समितिले कानुन नीति नियमहरुको पालना गरेको छ छैन
- सहकारीको सिद्धान्त, मूल्य र मान्यता

# जाँच परीक्षण.......

३. वित्तिय कारोवारहरुको परीक्षण

- भौचरको परीक्षण
- बजेट तर्जुमा कार्यान्वयन
- भौचर अनुसार खातामा प्रविष्टि
- आय व्ययको परीक्षण
- वचतको परीक्षण
- सम्पत्ति र दायित्वको परीक्षण

४. अघिल्ला सुझाव कार्यान्वयनको परीक्षण

# भौचर परीक्षण

लेखापरीक्षणको क्रममा भौचर जाँच गर्दा निम्न विषयहरुको परीक्षण अनिवार्य हुन्छ ।

- दोहोरो लेखाप्रणाली अनुसार भए नभएको
- डेविट वरावर क्रेडिट गरे नगरेको
- भौचरलाई पुष्टी गर्ने यथेष्ट प्रमाण भए नभएको
- विल भरपाई अनुसारको रकम भौचरमा भए नभएको
- भौचरमा मिति, भौचर नं, तयार गर्ने, सदर गर्ने र प्रमाणीत गर्ने को दस्तखत छ छैन ।

# भौचर परीक्षण

- भौचरको डेविट र क्रेडिटको व्यहोरा ठिक संग्ग भए नभएको ।
- विल, भरपाईमा आधिकारीक व्यक्तिले दस्तखत गरे नगरेको ।
- भौचरहरु मिति र नम्वर अनुसार मिलाएर राखे नराखेको ।
- कुन नम्वरको भौचर जाँच  गरेको र त्यसमा के के कैफियत आएको छ  त्यो क्रमस टिप्दै जानु पर्छ।

सबै भौचरहरु जाँच गर्न नसक्ने अवस्था भएमा नमुना (Sample ) छनौट गरेर भौचरको जाँच गर्ने ।

# बजेट तर्जुमा र कार्यान्वयनको परीक्षण

- संस्थाको दिर्घकालिन योजना भए नभएको
- कार्यक्रम अनुसारको बजेट समयमै तर्जुमा गरे नगरेको ।
- वजेट तर्जुमा गर्दा सरोकारहरुबाट राय सुझाव संकलन गरे नगरेको ।
- वित्तिय शुचकहरुको मुंल्याकन गरे नगरेको ।
- बजेट तर्जुमा गर्दा वैज्ञानिक र व्यवस्थित ढंगबाट गरे नगरेको ।
- बजेट अनुसारको लक्ष्य प्राप्ति भए नभएको र सोको समिक्षा समितिले गरे नगरेको ।

# खातामा प्रविष्टिको जाँच

- भौचर अनुसार खातामा प्रविष्टि भए नभएको जाँच गर्दा निम्न कुराहरु ध्यान दिनु पर्छ ।
- भौचर अनुसारको डेविट र क्रेडिट रकम शिर्षक अनुसार खातामा प्रविष्टि भए नभएको ।
- खाताहरु तयार गर्दा Chart of Accounts को क्रमागत भए नभएको ।
- खाताका शिर्षकहरु  दोहोरो भए नभएको ।
- शिर्षकहरु कारोवारसंग मिल्दो जुल्दो भए नभएको ।
- खातामा प्रविष्टि गर्दा लेखाको सैद्धान्तिक गल्ती भए नभएको ।

# आम्दानीको परीक्षण

भारित औषत व्याजदर (Weighted Average Interest Rate)को गणनाको एक उदाहरण

| Deposit | | | | |
|---|---|---|---|---|
| Deposit | Amount | Weight | Interest Rate | Weighted Interest |
| General Saving | 10,000,000.00 | 0.16 | 6 | 0.98 |
| Fixed Saving | 50,000,000.00 | 0.81 | 10 | 8.13 |
| Child Saving | 500,000.00 | 0.01 | 8 | 0.07 |
| Women Saving | 1,000,000.00 | 0.02 | 7 | 0.11 |
| Total | 61,500,000.00 | 1.00 | 31 | 9.28 |
| | | | | |
| Loan | | | | |
| Loan | Amount | Weight | Interest Rate | Weighted Interest |
| Business | 30,000,000.00 | 0.69 | 14.75 | 10.17 |
| Agricultural | 10,000,000.00 | 0.23 | 14.5 | 3.33 |
| Education | 1,500,000.00 | 0.03 | 14 | 0.48 |
| Home | 2,000,000.00 | 0.05 | 14 | 0.64 |
| Total | 43,500,000.00 | 1.00 | 57.25 | 14.63 |
| | | | | |
| Spread Rate in Percentage | | | | 5.35 |
| लिने र दिने व्याजको अन्तर वढिमा ६ प्रतिसत भन्दा हुनु हुदैन । | | | | |

# व्याज आम्दानीको परीक्षण

- संस्थाले व्याज आम्दानीलाई उठेका आधारमा मात्र लेखाँकन गर्नु पर्दछ ।
- सदस्यहरुको विचमा व्याजदरको विभेद गरेको छ छैन ।
- नउठेको व्याजलाई आम्दानीमा जनाएर ऋणमा पूजीकरण गरेको छ छैन ।
- व्याज आम्दानीलाई नाफामा प्रभाव पर्ने गरी दायित्वमा राखेको छ छैन ।
- बैक तथा वित्तिय संस्थाबाट प्राप्त व्याजमा काटिएको करलाई अग्रिम कर अन्तरर्गत सम्पत्तिमा देखाएको छ छैन ।

# ब्याज आम्दानीको परीक्षण.........

- ब्याज दरमा गरेको परिवर्तन समय सापेक्ष छ छैन ।
- ब्याजदर अनुसारको ब्याज गणना भए नभएको ।
- संचालक समितिले लिएको ऋणको समय समयमा ब्याज तिरेको छ छैन ।
- ऋणको ब्याज उठाउनको लागि समिति र व्यवस्थापनले गरेको भूमिका प्रभावकारी भए नभएको ।

# अन्य आम्दानीको परीक्षण

- विक्रीबाट भएको आन्दानीको परीक्षण
  - वित्तिय सहकारी संस्था बाहेकका संस्थाले गरेको विक्रीको आम्दानी यथार्थ र तथ्यमा आधारित छ छैन ।
  - विक्री गरेको आम्दानी समय समयमा उठेको छ छैन ।
  - उठ्नवाँकी आम्दानीको प्रभावकारी ढंगले उठे नउठेको ।
  - बिक्री विल र भरपाईहरु क्रमस मिलाएर राखे नराखेको
  - विक्रीको रसिद काट्ने र रकम लिने व्यवस्थाको नियन्त्रण प्रणाली प्रभावकारी भए नभएको ।
  - विक्री रसिद अनुसारको आम्दानी हरेक दिन प्रमाणीत र रुजु गर्ने नगरेको

# अन्य आम्दानीको परीक्षण.......

- अन्य विविध आन्दानीको परीक्षण
  - हरेक आम्दानीको रसिद काट्ने गरे नगरेको ।
  - रसिद अनुसारको आम्दानीको भौचरमा प्रविष्टि गरे नगरेको
  - रसिद नं अनुसारको आम्दानीलाई कन्ट्रोल लेजरमा प्रविष्टि गरे नगरेको ।
  - आम्दानी गर्दा शिर्षक मिलाएर खातामा प्रविष्टि गरे नगरेको ।

# खर्चको परिक्षण

- व्याज खर्च
  - निर्धारित व्याजदरको सिमा भित्र रहेर व्याज खर्चको लेखांकन गरे नगरेको ।
  - व्याज भुक्तानी गर्दा ५ प्रतिसत कर कट्टी गरे नगरेको ।
  - व्याज भुक्तानीको खर्च प्रविष्टि गर्दा सम्बन्धीत वचतको व्याज शिर्षकमा गरे नगरेको
  - व्याज भुक्तानी गर्दा सदस्यहरुलाई कुनै विभेद गरे नगरेको ।
  - निधारीत व्याजदर समय सापेक्ष भए नभएको ।

# कर्मचारी  खर्चको परीक्षण

- भर्ना प्रकृया कर्मचारी प्रशासन नियमावली अनुसार भयो वा भएन ।
- कर्मचारीलाई  नियुक्ति पत्र दिएको छ छैन ।
- कर्मचारीसंग गरेको सम्झौता पत्र ऐन, नीति नियमानुसार छ छैन ।
- संचालक समितिले गरेको कर्मचारी सम्बन्धी निर्णयहरु के कस्ता छन ।
- कर्मचारीहरुलाई विना भेदभाव सुविधाहरु दिए नदिएको
- प्रवन्धक वा व्यवस्थापकलाई दिएको सुविधाहरु ।
- मासिक तलब विवरण तयार गर्ने गरेको छ छैन ।
- भुक्तानीमा कर कट्टी नियमानुसार गरे नगरेको
- हाजीरी विवरण व्यवस्थित गरे नगरेको

# कर्मचारी  खर्चको परीक्षण ……..

- विदाको विवरण व्यवस्थित राखे नराखेको
- अवकाश कोषको व्यवस्था नियमानुसार भए नभएको
- सामाजिक सुरक्षा कोषको व्यवस्था गरे नगरेको
- श्रम ऐनको प्रावधान पालना गरे नगरेको
- बोनस ऐनको प्रावधान पुरागरे नगरेको

# कर्मचारी  खर्चको परीक्षण ........

- वोनस वितरण गरे नगरेको
- अग्रिम तलब भत्ता दिने गरे नगरेको र दिने गरेको भए नियमानुसार छ छैन ।
- विमा सुविधा दिने गरेको भए नियमानुसार दिएको छ छैन ।
- कर्मचारीहरुको छुटै पोशाकको व्यवस्था छ छैन
- कर्मचारीलाई आवश्यक तालिम दिए नदिएको ।
- अन्य सुविधा

# प्रशासनिक (कार्य संन्चालन)खर्च

- खर्च बजेटको परिधि भित्र रहेर गरे नगरेको ।
- खर्च गर्दा आर्थिक नियमहरु पालना  गरे नगरेको ।
- खर्च भुक्तानी गर्दा चेकबाट गरेको वा नगदै गरेको ।
- भुक्तानी गर्दा भरपाई प्रष्टसंग वनाइ गरे नगरेको ।
- खर्चको औचित्यता र यथार्थताको परीक्षण गर्ने  ।
- खर्च आधिकारीक व्यक्तिबाट प्रमाणीत गर्ने गरेको वा नगरेको ।
- भुक्तानी गर्दा कर कट्टी गरे नगरेको ।

# प्रशासनिक (कार्य संन्चालन)खर्च

- वहाल खर्च सम्झौता अनुसार भए नभएको ।
- खर्च गर्दा आपुर्तिकर्ताबाट प्यान विल लिए नलिएको ।
- जरिवाना तिरेको भए किन कसको कारणले जरिवाना लागेको हो र सम्वन्धीत व्यक्तिलाई त्यसमा जिम्वेवारी वनाउनु पर्ने
- रु ५० हजार भन्दा माथिको खर्चलाई चेक मार्फत भुक्तानी गरे नगरेको ।
- पूँजीगत खर्चलाई संचालन खर्चमा लेखांकन गरेको छ छैन ।
- चन्दाबापतको खर्च दिन नपाईने
- अवस्था अनुसार साधारण सभामा भएको खर्चको छुटै फाईल वनाउन लगाएर जाँच गर्ने ।

# ह्रासकट्टी खर्च

- ह्रास कट्टी गर्दा केलाई  आधार मानेर गरेको छ ।
- ह्रास कट्टीको आधार ठीक छ छैन ।
- आयकर ऐन  अनुसार ह्रासकट्टी गरेको छ की सम्पत्तिको अनुमानित आयुलाई लिएर गरेको छ ।
- सम्पत्तिको अनुमानित आयु कसरी निर्धारण गरको छ ।
- हरेक सम्पत्तिको छुट्टा छुट्टै ह्रास कटी गरेको छ की समुहमा विभाजन गरेर  ह्रास कट्टी गरेको छ ।
- कस्ता सम्पत्तिहरुको ह्रास कट्टी गरेको छ
- ह्रास कट्टी गर्ने कुनै नीति वनाएको छ  भने त्यसको औचित्यता के छ ।

# ऋण नोक्सानी व्यवस्था

- सहकारी संस्थाको ऋण लगानीलाई जोखिमको आधारमा ३ भागमा विभाजन गरेको छ छैन र सो अनुसारको ऋण नोक्सानी कोषको व्यवस्था गरे नगरको ।

| असल | संकास्पद | खराव |
|---|---|---|
| भाखा ननाघेको | भाखा नाघेको एक वर्ष ननाघेको | भाखा नाघेको एक वर्ष नाघेको |
| १% व्यवस्था | ३५% व्यवस्था | १००% व्यवस्था |

# आयकर खर्च

- आयकर ऐन अनुसार आयकर खर्च लेखेको वा नलेखेको ।
- अनुमानित आयकरको पौषमा ४० प्रतिसत, चैत्रसम्म ७० प्रतिसत र असार सम्म १०० प्रतिसतका दरले किस्तावन्दीमा भुक्तानी गरे नगरेको ।
- आयकर भुक्तानी गर्दा अन्य संस्थाबाट आयकर वापत कट्टी भएको रकम कटाएर भुक्तानी गरे नगरेको ।
- आयकर खर्च देख्दा विगत सात वर्षसम्मको नोक्सानी समायोजन गरे नगरेको ।
- आयकर भुक्तानी गर्दा सम्वन्धी राजश्व शिर्षकमा भुक्तानी गरे नगरेको ।
- आयकर भुक्तानी गर्दा भरेको बैक भौचर ठिक भए नभएको ।


# शेयर पूँजी

- शेयर दर्ता किताव राखे नराखेको ।
- शेयर सदस्यता प्रदान गर्दा संचालक समितिको निर्णय भए नभएको
- सदस्यता वनाउदा न्यूनतम १ कित्ता शेयर खरिद गरे नगरेको
- प्रतिकित्ता शेयर रु १०० को भए नभएको
- विनियममा भएको व्यवस्था अनुसार शेयर पूँजी भए नभएको
- शेयर प्रमाणपत्र दिए नदिएको
- कुल शेयर पूँजीको २० प्रतिशत भन्दा बढि एउटै सदस्यले खरिद गर्न नपाउने ।
- सदस्यता त्याग गर्दा लेखापरीक्षण प्रतिवेदन स्विकृत भएको ३० दिन भित्र रकम फिर्ता गरे नगरेको ।
- दोहोरो सदस्यताको सम्वन्धमा सदस्यहरु संग स्व घोषणा लिने गरे नगरेको

# शेयर पूँजी......

- सदस्यहरुसंग KYM Form भरेर लिने र अध्यावधिक गरे नगरेको ।
- विना भेदभाव सदस्यता बनाए नवनाएको ।
- सदस्यता वनाउनु भन्दा अगाडि सहकारीको बारेमा सुसुचित गराए नगराएको
- १६ वर्ष उमेर पुरा गरको वा नगरेको
- संस्थाको कार्यक्षेत्र भित्र बसोवास
- संस्थाको विनियममा उल्लेखित सर्तहरु पालना गर्न मञ्जुर गरेको,
- संस्थाको जिम्मेवारी पालना गर्न मञ्जुर भएको,
- संस्थाले गरेको कारोवारसंघ प्रतिस्पर्धा हुने गरी कारोवार नगरेको

# कोषको विभाजन



जगेडा कोष
२५ %
सहकारी प्रवर्द्धन कोष
०.५ %
कर कट्टी पछिको
खुद वचत
संरक्षित पूजी फिर्ता कोष
२५ %
कम्तीमा सबै
कोषमा ५ प्रतिशत
नघटाउने
सहकारी शिक्षा कोष
शेयर लाभांस कोष
कर्मचारी बोनस कोष
सहकारी विकास कोष
घाटापूर्ति कोष
सहकारी स्थिरीकरण कोष
अन्य जोखिम कोष
सामुदायिक विकास कोष

# जगेडा कोष

- खुद बचतको २५ प्रतिशत राखे नराखेको
- पूँजीगत अनुदानलाई जगेडा कोषमा थपे नथपेको
- स्थिर सम्पत्ति विक्रीबाट प्राप्त रकम जगेडाकोषमा राखे नराखेको
- जगेडा कोषको रकम स्थिर सम्पत्ति खरिद गर्न बाहेक अन्य काममा प्रयोग गर्न नपाईने

# संरक्षित पूँजी फिर्ता कोष:

खुद वचतबाट २५ प्रतिसत जगेडा कोषमा छुट्याएर बाँकी रकमको कम्तीमा २५ प्रतिशत छुट्याएको छ छैन

<u>**संरक्षित पूजी फिर्ता वितरण गर्दा निम्न आधारहरु पुरा गरे नगरेको**</u>

- उत्पादक संस्थामा सदस्यले विक्रीगरेको उपजको खरीद मूल्य
- वित्तिय संस्थामा सदस्यले जम्मा गरेको वचतको व्याज भुक्तानीको ४० प्रतिसत र ऋण रकममा तिरेको व्याज ६० प्रतिसत भार
- तर ऋणको भाखा नघाएको सदस्यलाई त्यस्तो ऋणमा तिरेको व्याजको आधारमा रकम दिईने छैन ।
- उपभोक्ता संस्थामा सदस्यले खरिद गरेको बस्तु वा सेवाको मूल्य
- बहुउदेश्यीयमा माथिको सबै बुदाहरु
- वितरण गर्दा ५ प्रतिसत करकट्टी गर्नु पर्ने ।
- संरक्षित पूजी फिर्ताकोषको वितरणको कार्यविधि बनाए नवनाएको ।

## सहकारी प्रवर्द्धन कोषः

- संस्थाले आर्थिक वर्षको खुद बचतबाट जगेडा कोषमा छुट्याएर बाँकी रकमको ०.५ प्रतिसत सहकारी प्रवर्धन कोषमा छुट्याई मन्त्रालयमा पठाएको छ छैन ।

# अन्य कोषहरुबाट वितरण

- शेयर लाभांसकोषबाट लाभांस वितरण गर्दा शेयर पूजीको १८ प्रतिशत भन्दा वढि वितरण गर्न नपाइने
- लाभांस वितरण संस्थाको कार्य विधि अनुसार भए नभएको ।
- लाभांस वितरण गर्दा ५ प्रतिसत स्रोतमा कर कट्टी गरे नगरेको
- तर गाँउपालिका र कृषिमा आधारीत सहकारीले वितरण गरेको लाभांसमा कर लाग्दैन ।
- अन्य कोषबाट शेयर लाभासं वितरण गरेको छ छैन ।
- कर्मचारी बोनसकोषबाट रकम वितरण नियमानुसार विना भेदभाव गरेको छ छैन ।

# अन्य कोषहरुबाट वितरण

- बोनस वितरण गर्दा कर्मचारीको पारिश्रमीक आयमा समावेश गरी कर कट्टी गरे नगरेको
- सहकारी शिक्षाकोषबाट भएको खर्चको प्रभावकारीता के छ ।
- उपभोग गरेर बाँकी रहेको कोषको रकम जगेडा कोषमा रकमान्तर गरे  नगरेको ।
- सदस्यहरुलाई सहकारी ऐन र नियमावलीले तोके देखि बाहेक शिर्षकबाट रकम वितरण गरे नगरेको ।
- वितरण गरको खर्चको छड्के जाँच गर्ने ।

# अन्य संस्थाहरुसंग लिएको ऋण

- संचालक समितिको निर्णय हेर्ने ।
- धितोको अवस्था र ऋणको उपयोगीताबारे जाँच गर्ने ।
- लागत लाभ विश्लेषण गरे नगरेको हेर्ने ।
- सहकारी ऐन र नियमावली विपरीत ऋण लिएको छ भने जाँच गर्ने ।
- उक्त ऋणको साँवा र व्याज भुक्तानी समयमा भए नभएको ।
- साँवा र व्याज भुक्तानीलाई छुट्याएर लेखांकन गरे नगरेको ।
- पर्स वित्तिय विश्लेषण भन्दा बढि ऋण भए नभएको ।

# बचत तथा निक्षेप

- संस्थाको वचत परीचालन नीति साधारण सभाबाट प्रमाणीत  भए नभएको ।
- सदस्यता प्रदान गरेरमात्र वचत संकलन गरे नगरेको ।
- सदस्यहरुको KYM अध्यावधिक गरे नगरेको ।
- सदस्यहरुबाट बचत संकलन गर्दा सम्पत्ति सुद्धिकरण निवारण ऐन नियम पालना गरे नगरेको ।
- सदस्यलाई विना भेदभाव वचतमा व्याज र सो व्याज अनुसारको संरक्षित पूँजी फिर्ता गरे नगरेको ।
- कम्प्यूटर सफ्तवेयर अनुसार संस्थाको खातामा र पासबुकमा रकम वरावर भए नभएको छड्के जाँच गर्ने

# बचत तथा निक्षेप

- संस्थाको प्राथमिक पूजीको १५ गुणा भन्दा बढि वचत संकलन गर्न नहुने ।
- सदस्यको वचत रकम सदस्यलाई ऋण दिने वाहेक अन्य प्रयोजनमा उपयोग भए नभएको ।
- विभिन्न वचतको  व्याजदरको  अन्तर ३ प्रतिसत भन्दा वढि लिन नपाइने ।( सहकारी मापदण्ड २०६८ अनुसार)
- रु १० लाख भन्दा भन्दा वढिको वचत संकलन गर्दा स्रोत खुलाएन लाए नलाएको ।
- व्याजदर परिवर्तन गर्ने निर्णय संचालक समितिले गरे नगरेको ।
- व्याजदरको परिवर्तन भएको शुचना सदस्यहरुलाई जानकारी दिए नदिएको ।

# बचत तथा निक्षेप_

- तिन वर्ष भन्द बढि समयको मुद्धति निक्षेप संकलन गर्न नपाइने ।
- कार्यक्षेत्र भन्दा वाहिर कारोवार गर्न नहुने ।
- सहकारी ऐनले तोकेको संस्थाबाहेक अन्य संस्थासंग कारोवार गर्न नहुने ।
- मुद्धति निक्षेपको केहि रसिदहरु छड्के जाँच गर्ने ।

# अन्य दायित्व

- कर दायित्व
  - भुक्तानी दिनुपर्ने आयकरको जाँच गर्ने ।
    - आयकरको गणना आयकर ऐन अनुसार भए नभएको
    - भुक्तानी दिनु पर्ने आयकरलाई  अग्रिम आयकरसंग मिलान गरे नगरेको

# अन्य दायित्व

- श्रोतमा कट्टी गरेको कर दायित्वको जाँच गर्ने
  - भुक्तानी दिनुपर्ने विभिन्न खर्चहरुमा कर कट्टी गर्दा आयकर ऐन अनुसार भए नभएको परीक्षण गर्ने
  - विभिन्न खर्च शिर्षकमा काटिएको कर शिर्षक अनुसार मिले नमिलेको भिडाएर हेर्ने
  - कट्टी गरेको कर आगामी महिनाको २५ गते भित्र कर कार्यालयमा भुक्तानी गरे नगरेको
  - कर भुक्तानी गरे पछि त्यसको विवरण बुझाई अनलाइन भेरिफिकेस गरे नगरेको
  - बैकमा गरेको कर भुक्तानीको भौचर र खातामा भुक्तानी गर्नु पर्ने रकम भिडाएर हेर्ने

# अन्य दायित्व........

- भुक्तानी दिनु पर्ने व्याज
  - मुद्धति वचतको भुक्तानी दिनुपर्ने व्याज आर्थिक वर्षको अन्तमा लेखांकन भए नभएको हेर्ने ।
  - कुनै दुई चार वटा मुद्धति खातालाई छड्के परीक्षण गरि हेर्ने ।
  - व्याजदरमा विभेद गरेको छ छैन जाँच गर्ने
- विविध अन्य भुक्तानी दिनेुपर्ने
  - रकम सही र यथार्थहो कि होईन जाँच गर्ने
  - विभिन्न आपुर्ति कर्ताहरुबाट कन्फरमेरन लिएको वा नलिनएको ।
  - भुक्तानी दिनुपर्ने कर्मचारी अवकास कोष, कर्मचारी संचयकोष, नागरिक लगानी कोष, विदावापत, विमावापतको रकम लगाएतका खर्चहरुको राम्ररी परीक्षण गर्ने ।

# नगद तथा बैक कारोवार र मौज्दात

- भल्टको नियन्त्रण प्रणाली
  - नगदको सुरक्षणको लागि भल्ट, काउन्टर र मार्गस्थ विमा गरे नगरेको
  - भल्टको नियन्त्रण प्रणाली प्रभावकारी भए नभएको ।
  - भल्टको साँचो दुई जिम्वेवार व्यत्तिलाई दिने गरे नगरेको ।
  - भल्ट खोल्दा र वन्द गर्दा कति रकम कुन संख्यामा झिकेको वा राखेको रजिष्टरमा उल्लेख गरी दस्तखत गर्ने गरे नगरेको ।
  - भल्टमा भएको रकम र रजिष्टरमा जनाएको रकमको भौतिक निरीक्षण समेत गर्नु पर्ने हुन्छ ।

# नगद तथा बैक कारोवार र मौज्दात

- <u>नगदको नियन्त्रण प्रणाली</u>
  - नगद भुक्तानी गर्दा पूर्व स्विकृत लिनु पर्ने भए लिए नलिएको ।
  - नगद भुक्तानी गर्दा भुक्तानी स्लिप भराउने गरे नगरेको ।
  - खर्च भुक्तानी गर्दा सम्वन्धित व्यक्तिबाट स्विकृत गरे नगरेको
  - सदस्यहरुलाई वचत फिर्ता गर्दा भुक्तानी पर्चामा भर्नु पर्ने विषयहरु स्पष्ट र सहि छ छैन जाँच गरी पेड स्ट्याम्प लगाएर मात्र भूक्तानी गर्ने ।

# नगद तथा बैंक कारोवार र मौज्दात

- भुक्तानी पूर्जाको पछाडी नोटको दर, भुक्तानी रकम र भुक्तानी लिने व्यक्तिको नाम र सम्पर्क नम्वर लिए नलिएको ।
- रु १० लाख भन्दा वढि रकम वचत वा ऋृण भुक्तानी हुँदा स्रोत खुलाउनु पर्ने
- नगद खाता संग भल्ट, काउन्टर र मार्गस्थ नगद मिले नमिलेको भिडाएर हेर्ने ।
- विमा गरे भन्दा बढि रकम संस्थामा राख्ने गरेको वा नगरेको ।
- कुल निक्षेपको १५ देखि २० प्रतिसत तरलता कायम भए नभएको ।

# नगद तथा बैंक कारोवार र मौज्दात

- बैंक स्टेटमेण्ट अनुसार संस्थामा रहेको बैंक मौज्दात भिडे नभिडेको
- बैंकखाता व्यक्तिको नाममा संचालन भए नभएको ।
- रु ५० हजार भन्दा बढिको खर्च भुक्तानी गर्दा चेकमार्फत गर्ने गरे गरेको ।
- हरेक महिना बैंक मौज्दात  बैंक स्टेटमेण्टसंग रिकन्साईल गरे नगरेको
- हरेक ३ महिनामा बैंक तथा संघहरुबाट व्याज प्राप्त हुदा त्यसको लेखांकन गर्ने गरे नगरेको ।
- व्याज आयलाई भौचरमा प्रविष्टि गर्दा कर कट्टीलाई सम्पत्तिमा जनाए नजानाएको ।
- अन्य सहकारी संस्थामा रकम जम्मा गर्ने गरेको वा नगरेको

# ऋण लगानीको परीक्षण र जाँच

- ऋण लगानी गर्दा सहकारी ऐन, नियमावली, संस्थाको विनियम र नीतिको प्रावधानलाई पालना गरेको हुनु पर्दछ ।
- एउटा सदस्यलाई संस्थाको कूल पूजीकोषको १० प्रतिशत भन्दा वढि ऋण दिन नपाईने ।
- सदस्य वनेको ३ महिना नभई ऋण दिन नमिल्ने ।
- ऋण निवेदन फारम सदस्यले पूणरुपमा भरेर दिए नदिएको
- ऋण निवेदनलाई दर्ता गरी ऋण उपसमितिमा पेश भए नभएको ।
- ऋण उपसमितिले ऋण लगानी नीति अनुसार ऋण प्रदान गर्न संचालक समितिलाई सिफारिस गरे नगरेको
- धितो मुल्यांकन संस्थाको नीति अनुसार भए नभएको
- ऋणीको वित्तिय क्षमता विश्लेषण गरे नगरेको ।

# ऋण लगानीको परीक्षण र जाँच

- अधिविकर्ष कर्जा दिन नपाईने
- उद्योग व्यवसायको नाममा ऋण दिन नपाईने ।
- नीतिमा उल्लेख लघुकर्जा वाहेक विना सुरक्षण ऋण लगानी गर्न नपाइने ।
- सुन चाँदी र शेयर धितो राखेर ऋण दिन नपाईने ।
- ऋणमा बढिमा १ प्रतिसत सेवा शुल्क लिन पाईने ।

# ऋण लगानीको परीक्षण र जाँच

- ऋण फाइल सुरक्षित र तत्काल भेटिने गरी राखे नराखेको ।
- ऋणको फाईलमा नीति अनुसारको सबै कागज पत्र राखे नराखेको ।
- सदस्यहरुलाई ऋणको किस्ता भुक्तानीको तालिका उपलब्ध गराए नगराएको ।
- तमसुकलाई राम्रोसंग भरेर ऋणी सदस्यलाई सही छाप गराए नगराएको
- साक्षीको सही छाप भए नभएको
- जमानतको कागज स्पष्ट  किसिमले भरे नभरेको ।

# ऋण लगानीको परीक्षण र जाँच

- सुरक्षण रहेको सम्पत्तिको विमाको अवस्था के छ ।
- सदस्यलाई व्यवसायको लागि ऋण दिएको भए व्यवसायको बारेमा जानकारी खुल्ने कागजातहरु लिए नलिएको
- सुरक्षणमा रहने जग्गाको नक्सा, ट्रेस,चार किल्ला, घरबाटोको सिफारिस, मालपोत तिरेको रसिद, छ छैन ।
- रजिष्ट्रेसनपास हालसालै भएको रहेछ भने त्यसको रजिष्ट्रेसन पास कागजात
- धितो लिदा दृष्टिवन्धक गरेको कागजातहरु




संस्था कुन अवस्थामा छ ?

जाँच गर्नु भयो ?

# वित्तिय  लगानीको परीक्षण र जाँच

- सहकारी संघ र बैंकमा गरेको शेयर लगानीको विवरण जाँच गर्ने
- शेयर प्रमाणपत्र अनुसारको लगानीको रकम भिडाउने ।
- शेयर रकम अनुसारको लाभांस र वचत र ऋृण अनुसारको संरक्षित पूजी फिर्ताकोषबाट प्राप्त रकम जाँच गर्ने
- लगानी गर्दा समितिको निर्णयानुसार भए नभएको हेर्ने ।

# अन्य चालु सम्पत्तिहरुको जाँच परीक्षण

- धरौटी राखेको छ भने त्यसको प्रयोजन र हालको अवस्थाबारे जाँच गर्ने ।
- पेश्की दिएको छ भने आर्थिक नियमावली अनुसार दिएको छ छैन ।
- पेश्की समयमै फस्यौंट भयो भएन ।
- पेश्कीको औचित्यता जाँच गर्ने ।
- विभिन्न सामानहरुको मौज्दातको भौतिक निरीक्षण गर्ने
- सामानहरुको मौज्दात विवरण अध्यावधिक भए नभएको हेर्ने
- मौज्दात नियन्त्रण प्रणाली प्रभावकारी भए नभएको
- उठ्नबाँकी व्याज र व्याज मुल्तवीलाई वासलातमा देखाएको वा नदेखाएको
- देखाएको भए वासलातलाई वढाउने गरी देखाएको वा वासलातलाई असरनपर्ने गरी देखाएको ।


# स्थिर सम्पत्तिको जाँच

- स्थिर सम्पत्ति खरिद गर्दा सदस्यको वचत प्रयोग गरेको छ छैन ।
- स्थिर सम्पत्ति खरिद गर्दा त्यसलाई प्रयोग ल्याउदा सम्म लागेको खर्चलाई त्यसमानै पूजीकरण गरे नगरेको ।
- हरेक सम्पत्तिको विस्तृत विवरण खुल्ने गरी स्थिर सम्पत्ति छुट्टै रजिष्टर तयार गरे नगरेको ।
- स्थिर सम्पत्तिमा व्यवस्थित कोड नं राखे नराखेको ।
- भौतिक निरीक्षण गरेपछि त्यसको फारम तयार गरी सदर र प्रमाणीत गरे नगरेको ।

# स्थिर सम्पत्तिको जाँच

- ह्रासकट्टी नियमानुसार गरे नगरको ।
- काम नलाग्ने सम्पत्तिहरु धुल्याउने वा लिलामी गर्ने गरे नगरेको
- विमा गरे नगरेको
- नाफा नोक्सानमा लेख्नु पर्ने खर्चलाई सम्पत्तिको रुपमा जनाए नजानाएको ।
- स्थिर सम्पत्तिको सदुपयोग र मर्मत सम्भार भए नभएको ।
- आर्थिक नियमावली अनुसार जिम्मेवार व्यक्तिबाट स्विकृत गराएर खरीद गरेको वा नगरेको
- आर्थिक नियमावली अनुसारको खरिद समिति भए नभएको ।

# संस्थागत शुसासनको जाँच परीक्षण




जिम्वेवारी, काम, कर्तव्य र अधिकार स्वत स्फुर्त रुपमा सांचालन भएमा सुसासन कायम हुन्छ ।

# संचालक समितिको काम कर्तव्यको निरीक्षण

- साधारण सभाको निर्णय कार्यान्वयन भए नभएको
- समितिको निर्णय कार्यान्वयन भए नभएको
- बैठक संचालन कार्यविधि साधारण सभाबाट पारित गराई लागु भए नभएको ।
- बैठक समय समयमा भए नभएको
- बैठकमा उपस्थिती
- बैठकमा भएका छलफलका विषयहरु
- समयको परीपालना

# संचालक समितिको काम कर्तव्यको निरीक्षण

- सहकारीका मूल्य, मान्यता र सिद्धान्त बमोजिम सहकारी संस्थाको सञ्चालन गरे नगरेको
- प्रारम्भिक साधारण सभा, वार्षिक साधारण सभा तथा विशेष साधारण सभा समयमै गरे नगरेको
- सहकारी संस्थाको नीति, योजना, बजेट तथा वार्षिक कार्यक्रमको तर्जुमा गरी साधारण सभा समक्ष पेश गरे नगरको
- सहकारी संस्थाको सदस्यता प्रदान गर्ने तथा सदस्यताबाट हटाउदा निर्णय गरे नगरेको
- विनियम तथा आन्तरिक कार्यविधि तयार गरी साधारण सभामा पेश गर्ने,

## संचालक समितिको काम कर्तव्यको निरीक्षण

- विभिन्न कार्यक्रमहरुमा सदस्यहरुको रचनात्मक सहभागिता सुनिस्चित गर्ने
- सदस्यहरुलाई नियमित रुपमा सहकारी शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने,
- लेखा सुपरिवेक्षण समितिबाट प्रप्त सुझावहरु कार्यन्वयन गर्ने, गराउने,
- सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी प्रचलित कानुन बमोजिमका व्यवस्थाहरु कार्यान्वयन गर्ने गराउने,
- आवश्यकता अनुसार उपसमितिहरु गठन विघटन तथा जिम्मेवारी तोक्ने,

# संचालक समितिको काम कर्तव्यको निरीक्षण

- समितिको बैठक अध्यक्षको निर्देशनमा सचिवले वोलाउने,
- समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, स्थान र समयमा वस्ने,
- दुई बैठकवीचको अवधि पैतालिस दिन भन्दा बढी नहुने,
- बैठकको अध्यक्षता समितिको अध्यक्षले, निजको अनुपस्थितीमा उपाध्यक्षलेर निज समेत अनुपस्थित भएमा सञ्चालकहरुमध्येबाट चुनिएको सदस्यले गर्ने,
- समितिको बैठकको गणपुरक संख्या समितिको तत्काल कायम रहेको कुल सदस्य संख्याको बहुमत सदस्य संख्या हुने,

# लेखा सुपरीवेक्षण समिति

- प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरिक लेखापरिक्षण गर्ने, गराउने,
- आन्तरिक लेखापरिक्षण गर्दा लेखापरिक्षणका आधारभुत सिद्धान्तको पालना गर्ने, गराउने,
- वित्तिय तथा आर्थिक कारोबारको निरिक्षण तथा मुल्याङकन गर्ने, गराउने,
- समितिको काम कारवाहिको नियमित सुपरिवेक्षण गर्ने र समितिलाई आवश्यक सुझाव दिने,
- साधारण सभाको निर्देशन, निर्णय तथा समितिका निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने,

# लेखा सुपरीवेक्षण समिति

- लेखासम्बन्धी प्रतिवेदन र समितिको काम कारबाहिको सुपरिवेक्षणसम्बन्धी वार्षिक प्रतिवेदन साधारण सभा समक्ष पेश गर्ने,
- आफुले पटक पटक दिएका सुझाव कार्यान्वयन नभएको कारणबाट कुनै सहकारी संस्थाको हितमा प्रतिकुल असर परेमा वा त्यस्तो संस्थाको नगद वा जिन्सी सम्पत्तिको व्यापकरुपमा हिनामिन वा अनियमितता भएको वा संस्था गम्भिर आर्थिक संकटमा पर्न लागेकोमा सो को कारण खुलाई विशेष साधारण सभा बोलाउन समिति समक्ष सिफारिस गर्ने ।
- आवश्यक परेमा आन्तरिक लेखापरिक्षक नियुक्तिका लागि तीन जनाको नाम सञ्चालक समितिमा सिफारिस गर्ने ।

# उपसमितिहरु

- संञ्चालक  समिति प्रति उत्तरदायि भए नभएको
- समितिले कार्यविधि र  अनुसार  विभिन्न  उपसमितिको गठन गरे नगरेको
- उपसमितिले जिम्वेवारी अनुसार काम गरेको नगरेको ।
- उपसमितिलाई समितिले काममा समन्वय गरेको छ छैन ।

# व्यवस्थापक

- व्यवस्थापकले समितिले गरेका निर्णयहरु कार्यन्यवन गरे नगरेको
- दैनिक प्रशासनिक कामलाई प्रभावकारी वनाए नवनाएको
- कर्मचारीहरुबाट प्राप्त सुझावहरुलाई प्राथमिकता दिए नदिएको
- कर्मचारीले गरेको कामको नियमित अनुगमन र निरीक्षण गरे नगरेको
- कर्मचारीहरुलाई नियमानुसार स्वतन्त्र ढंगबाट काम गर्न दिए नदिएको
- व्यवस्थापकले संचालक समितिलाई प्रभावकारी ढंगबाट सुझाव र सुचनाहरु प्रदान गरे नगरेको
- समितिले तोकेको जिम्वेवारीहरु समयमै सम्पन्न गरे नगरेको
- वजेट, योजना र कार्यक्रम वनाउनको लागि संचालक समितिलाई मदत गरे नगरेको
- संस्थाको विभागिय प्रमुखहरु संग समन्वय गरी काम गरे नगरेको

# व्यवस्थापक

- सहभागी मुलक नेतृत्व गरे नगरेको
- आर्थिक कारोवार पारदर्शी ढंगले गरे नगरेको,
- आर्थिक कारोवारहरुको मासिक प्रतिवेदन समितिमा पेश गर्ने गरेको वा  नगरेको,
- संस्थामा सामुहिक जवाफदेहिता कायम गर्न सके नसकेको
- हरेक दिनको भौचर प्रमाणित गरे नगरेको
- विभिन्न उपसमिति र लेखासमितिको काममा मदत गरेनगरेको

# व्यवस्थापक

- खर्चको विल भरपाई सदर गरे नगरेको
- महत्वपूर्ण कारोवारहरुको चेकजाँच गरे नगरेको
- कर्मचारीहरुले गर्ने कामको वेलाबेलामा छड्के परीक्षण गर्ने
- सदस्यहरुको गुनासाहरुको सुनुवाई गरे नगरेको
- कर्मचारी हाजिर प्रमाणीत गर्ने र विदा स्विकृत गर्ने गरे नगरको
- अन्य नियमानुसाको कामहरु गरे नगरेको

# कर्मचारीहरु

- कर्मचारीहरु नियुक्ति गर्दा प्रशासनिक नियमावली अनुसार भए नभएको
- योग्य र सक्षम कर्मचारी छनौट गरे नगरेको
- कर्मचारी भर्ना प्रकृया विना भेदभाव भए नभएको
- कर्मचारीको बृत्ति विकासको काम भए नभएको
- कर्मचारीलाई सुम्पिएको अधिकार र जिम्वेवारीमा हस्तक्षेप हुने गरे नगरेको
- कर्मचारीले आफ्नो कर्तव्य र जिम्वेवारी पुरा  गरे नगरेको

# लेखा समितिको वार्षिक प्रतिवेदन

सहकारी संस्थाको नाम, ठेगानाः ...........

आ.व. ..........

१. अघिल्लो साधारण सभाको निर्णयहरुकोकार्यान्वयनको अवस्था :

..............................................................................

२. आ.व. .......... मा बसेको बैठक संख्या निर्णयहरु र निर्णयहरुको कार्यान्वयनको अवस्था :

....................................................................................

३. ऋण लागानीको प्रक्रिया, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था :

..............................................................................................

# लेखा समितिको वार्षिक प्रतिवेदन

- ४. सहकारी विभागबाट जारी गरिएका मापदण्डहरुको पालना सम्बन्धी संक्षिप्त विवरण :
- ५. सहकारी विभाग, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरु कार्यान्वयन सम्बन्धी विवरणहरु :
- ६. पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको विवरण :
- ६.१ पारिश्रमिक :
- ६.२ भत्ता :
- ६.३ अन्य सुविधाहरु :

# लेखा समितिको वार्षिक प्रतिवेदन

- ७. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरु :
- ७.१ साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धी नियमावली भए/नभएको :
- ७.२ कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको/नल्याइएको :
- ७.३ भर्ना प्रक्रिया पारदर्शिता र प्रतिस्पर्धी भएको/नभएको :
- ७.४ कार्यरत कर्मचारीहरु र कार्यवोझ बीच तादम्यता रहेको/नरहेको :
- ७.५ व्यवस्थापन प्रमुखको योग्यता र क्षमता सम्बन्धी विवरण :

# लेखा समितिको वार्षिक प्रतिवेदन

- ७.६ कर्मचारीहरुको भर्ना प्रक्रिया र संख्या :
- ७.६.१ करार :
- ७.६.२ अस्थायी :
- ७.६.३ स्थायी :
- ८. लेखा समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरुको कार्यान्वयनको अवस्था :
- ९. लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरु :

# लेखा समितिको वार्षिक प्रतिवेदन

- १०. लेखा समितिको सुझावहरु :
- १०.१
- १०.२

- लेखा समितिको संयोजक ................ दस्तखत
  - लेखा समितिको सदस्य ................ दस्तखत
  - लेखा समितिको सदस्य ................ दस्तखत